जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ३०९ • २०८३ भदौ १२ गते शुक्रवार • 28 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# चार पुस्तादेखिको बसोबास हटाउन खोजिएको दलित परिवारको आरोप, निष्पक्ष छानबिन र न्यायको जोडदार माग



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ११ भदौ**

सबैला नगरपालिका-४, पर्साही गाउँस्थित नहर चोकमा चार पुस्तादेखि बसोबास गर्दै आएको एक दलित परिवारले आफ्नो घरबासबाट विस्थापित गर्न खोजिएको आरोप लगाएको छ । परिवारले पुस्तौँदेखि भोगचलन गर्दै आएको जग्गा स्थानीय राम प्रकाश यादवले आफ्नो नाममा दर्ता गराई घरजग्गा खाली गर्न दबाब दिइएको भन्दै निष्पक्ष छानबिन र न्यायको माग गरेको छ । पीडित परिवारका अनुसार उनीहरूका पुर्खा लक्ष्मी महरालाई गाउँमा मरेका तथा छाडिएका पशु व्यवस्थापन गर्ने जिम्मेवारीका लागि स्थानीयस्तरमा सर्वसम्मतिले बसोबासका लागि उक्त स्थान उपलब्ध गराइएको थियो ।

त्यसपछि लक्ष्मी महराका छोरा सहदेव महरा हुँदै उनका सन्तान सुरेश महरा, रामबाबु महरा तथा पछिल्ला पुस्ताका राकेश, राहुल र दिपेश महरासम्मका परिवार सोही स्थानमा बसोबास गर्दै आएको उनीहरूको दाबी छ। परिवारका अनुसार पुस्तौँदेखि घर बनाएर बसोबास तथा भोगचलन गर्दै आएको उक्त जग्गा करिब दुई दशकअघि स्थानीय रामप्रसाद यादवले आफ्नो नाममा दर्ता गराएको आरोप छ । परिवारले आफ्नो पुरानो बसोबास, भोगचलन र स्थानीयस्तरमा भएको निर्णयलाई बेवास्ता गरी जग्गासम्बन्धी प्रक्रिया अघि बढाइएको दाबी गरेको छ । पीड़ित परिवारका पुनम देवी महराका अनुसार उनका श्रीमान् रामबाबु महरा हुन् र उनीहरूका तीन सन्तान छन् । आर्थिक अवस्था अत्यन्त कमजोर रहेको परिवारले दैनिक गुजारा चलाउनसमेत कठिन भइरहेको अवस्थामा पुस्तौँदेखि बस्दै आएको घरबास गुम्ने अवस्था आएपछि थप संकटमा परेको जनाएको छ । त्यस्तै, अर्का पीड़ित पुनम देवीकी जेठानी दाना देवी महराले पनि आफ्नो परिवार चार-पाँच पुस्तादेखि सोही स्थानमा बसोबास गर्दै आएको दाबी गरिन्। उनका श्रीमान् सुरेश महरा विगत चार वर्षदेखि वैदेशिक रोजगारीमा अल्पत्र रहेको परिवारले जनाएको छ । आर्थिक अभावका कारण दाना देवीको परिवारसमेत कठिन परिस्थितिमा जीवनयापन गरिरहेको बताइएको छ । पीडित परिवारका अनुसार हाल रामप्रसाद यादवले सम्बन्धित निकायमा निवेदन दिई घरजग्गा खाली गर्न दबाब दिइरहेका छन् । पुस्तौँदेखि बस्दै आएको घरबासबाट विस्थापित हुनुपर्ने अवस्था आए आफूहरू कहाँ जाने भन्ने चिन्ताले परिवारलाई सताएको जनाएको छ । परिवारले जग्गाको वास्तविक अवस्था, स्वामित्व, पुरानो भोगचलन तथा बसोबाससम्बन्धी प्रमाण र स्थानीयस्तरमा भएका निर्णयको निष्पक्ष रूपमा जाँच गर्न माग गरेको छ । साथै, दलित तथा आर्थिक रूपमा विपन्न परिवारलाई पुस्तौँदेखिको घरबासबाट विस्थापित गर्ने अवस्था सिर्जना नगर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ । परिवारले नेपाल सरकार, राष्ट्रिय दलित आयोग तथा सम्बन्धित स्थानीय निकायसँग विवादित जग्गाबारे निष्पक्ष छानबिन गरी वास्तविकता सार्वजनिक गर्न र कानुनसम्मत रूपमा न्याय दिलाउन माग गरेको छ। अदालत वाट जगाको सत्य तथ्य बुझ्नको लागी ग्राउंड जीरोमा आएको टोलीले पनी रामप्रसाद यादव संग मिलोंमतोमा आफू खुशी एकतर्फी बयान लिएकोले आफूहरु मीडिया लाई गुहार लगाएको परिवारले जनाएको छ । यता, रामप्रसाद यादवको पक्षबाट भने उक्त आरोपबारे प्रतिक्रिया प्राप्त हुन बाँकी रहेको छ। आरोपको स्वतन्त्र पुष्टि हुन बाँकी रहेकाले जग्गाको स्वामित्व तथा दर्तासम्बन्धी विषय सम्बन्धित सरकारी अभिलेख र कानुनी प्रक्रियाबाटै यकिन हुने देखिन्छ ।

# ३६औँ स्थापना दिवसमा श्री राम युवा कमिटीको सामाजिक अभियान, सरसफाइ र वृक्षारोपणबाट सुरुआत

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ११ भदौ**



श्री राम युवा कमिटी, जनकपुरधामले आफ्नो ३६औँ स्थापना दिवस सामाजिक तथा सेवामूलक कार्यक्रमसहित मनाउन थालेको छ। स्थापना दिवसको पहिलो दिन बिहीबार सरसफाइ, वृक्षारोपण तथा दीप प्रज्वलन कार्यक्रम आयोजना गरिएको छ ।

कमिटी परिसरमा बिहान आयोजित सरसफाइ तथा वृक्षारोपण कार्यक्रममा सशस्त्र प्रहरी बलका इन्स्पेक्टर पुष्पराज भट्टको नेतृत्वमा ३० जना सुरक्षाकर्मी सहभागी भएका थिए। सुरक्षाकर्मीहरूले कमिटी परिसरको सरसफाइ गर्नुका साथै वातावरण संरक्षणको सन्देश दिँदै

बांकी पृष्ठ ४ मा ।

# ज्ञान गंगाद्वारा कला,संस्कृति तथा नाटक विशेष कक्षा संचालन



**सोनी साह**
**जनकपुरधाम, ११ भदौ**

ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले आजबाट विधिबत रुपमा कला,संस्कृति तथा नाटकको विशेष कक्षा संचालन गरेको छ । प्रशिक्षक तथा नाटककर्मी ओम प्रकाश कर्णको प्रशिक्षण यो वर्ष कक्षा संचालन हुने जानकारी यसै विद्यालयको संस्थापक प्रधानाध्यापक प्रा.पवन कुमार साहले जानकारी गराउनु भयो। वहाँले थप्दै यो विद्यालयले बिक्रम संबत् २०७४ सालदेखि नै शास्त्रिय नृत्य,खेलकुद,धार्मिक यज्ञ तथा बालसंस्कार,मैथिली नृत्य लगायतको क्षेत्रमा आफ्नो योगदान दिदै आएको बताउनुभयो । यस वर्ष पनि विद्यार्थीहरुको चौतर्फी विकासको लागि तथा समाजिक कुरितिहरु नाटक तथा अभिनयको माध्यमबाट हटाउन अहिलेदेखि नै विद्यार्थीहरुलाई प्रशिक्षण दिन लागेको प्र.अ.साहले बताउनुभयो ।


**प्रविधिको प्रयोग व्यवस्थित गरौं**

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक संजालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रुपमा प्रयोग गरौं ।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# राहत तथा उद्धारमा सक्दो सहयोग गरौं

रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित तथा पीडित परिवारको राहतका लागि सबै नेपालीले सक्दो आफ्नो ठाउँबाट सहयोग गर्न आवश्यक रहेको देखिन्छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्न प्रधानमन्त्री बालेन साहले घोषणा गरे पछि विभिन्न ठाउँहरुबाट सहयोग आउन थालेको छ। यस विषम परिस्थितिमा नेपाललाई सहयोग गर्न भारतले विभिन्न सामाग्रीहरु पठाई सकिएको छ भने अन्य देशहरुबाट सहयोग आउने क्रम जारी छ। यस दुखको समयमा राहत तथा उद्धार कार्यमा सहयोग भएका रकम तथा सामानहरु वास्तविक पिडीत समक्ष पुर्‍याउन आवश्यक रहेको छ । बाढीमा परि सहादत भएका नेपाली तथा पर्यटकहरुको खोजी कार्यमा ढिलाई नगरी सिघ्र लासहरुको समेत व्यवस्थापन तथा सनाखतको आधारमा सोको जिम्मा लगाउने कार्य पनि अघि बढाउन जरुरी देखिन्छ। सामाजिक संजाल अनुसार केहि व्यक्तिहरुले मरेका लासहरुलाई उल्टाईपल्टाई सुन लगायत धातुहरु जम्मा गर्ने कार्य गरेको देखिएको हुँदा त्यस्ता अराजक तथा अमानविय कार्य रोक्न त्यस्ता व्यक्तिहरुलाई खोजी गरी नियन्त्रित गर्न जरुरी देखिन्छ । बाढीबाट बच्न सफल भएका व्यक्तिहरुलाई खोजी गरी तिनीहरुलाई आवश्यक सहयोग तथा बाँस,गाँस र कपासको तुरुन्त व्यवस्थापन गर्न आवश्यक रहेको देखिन्छ। नेपाल सरकारले यस्ता समस्याबाट बच्न दीगो रणनीतिसाथ अघि बढनुपर्छ।

# क्रिकेटर साहद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा व्यक्तिगत तर्फबाट २५ हजार रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ भदौ**

नेपाली क्रिकेट खेलाडी हरिशंकर साहले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा व्यक्तिगततर्फबाट २५ हजार रुपैयाँ सहयोग गरेका छन् ।

बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि साहले आफ्नो व्यक्तिगत कमाइबाट उक्त रकम सहयोग गरेका हुन् । विपद्को समयमा पीडितको साथमा उभिनु सबैको साझा दायित्व भएको उनले बताएका छन् । जनकपुरधाम निवासी साहले सहयोगको विषयमा सामाजिक सञ्जाल मार्फत भावुक सन्देश दिँदै भनेका छन्, 'हामीसँग सुत्नलाई घर छ, खाने कुरा छ, पानी छ र परिवार छ। तर, आज धेरै जना मानिससँग यी आधारभूत कुरासमेत छैनन्।'



उनले अहिलेको कठिन परिस्थितिमा आफ्नो व्यक्तिगत खर्च केही समय घटाएर भए पनि विपद्मा परेकालाई सहयोग गर्न आग्रह गरेका छन्। 'अगामी एक महिनाको खर्च कम गरौँला, केही बचत गरौँला र अझै पैसा कमाउन मेहनत गरौँला ।

तर, आज सहयोग गरौँ,' साहको भनाइ छ। विपद् कसैलाई पनि जुनसुकै बेला आइपर्न सक्ने उल्लेख गर्दै उनले आफूहरू पनि यस्तै परिस्थितिमा पर्न सक्ने भएकाले पीडितको दुःखलाई आफ्नो दुःख सम्झेर सहयोग गर्नुपर्ने बताएका छन्। 'हामी पनि यस्तो अवस्थामा हुन सक्थ्यौँ, अथवा हुन सक्छौँ । त्यसैले सक्दो सहयोग गरौँ। हामी एकै परिवार हौँ,' साहले भनेका छन्।

# लेखा अधिकृत तथा लेखापालहरूको समूह 'लेखा समूह धनुषा'द्वारा एक लाख रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ भदौ**

रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित तथा पीडित परिवारको राहतका लागि धनुषामा कार्यरत लेखा अधिकृत तथा लेखापालहरूको समूह 'लेखा समूह धनुषा'ले एक लाख रुपैयाँ सहयोग गरेको छ ।

समूहले बिहीबार जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारीमार्फत उक्त रकम बाढीपीडितको राहतका लागि पठाएको हो । धनुषाका विभिन्न स्थानीय तह तथा सरकारी निकायमा कार्यरत लेखा अधिकृत, लेखापाल लगायत समूहमा आबद्ध कर्मचारीबाट रकम संकलन गरी सहयोग गरिएको समूहका उपाध्यक्ष सञ्जीवकुमार महतोले जानकारी दिए । महतोका अनुसार मानवीय संवेदनालाई मध्यनजर गर्दै समूहका सदस्यहरूले स्वेच्छिक रूपमा रकम संकलन गरेका हुन् । संकलित एक लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरी त्यसको भौचरको प्रतिलिपि प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गरिएको छ । रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण ठूलो जनधनको क्षति भएको छ। बाढीमा परी धेरैको ज्यान गएको, सयौँ घाइते भएको तथा ठूलो संख्यामा परिवार विस्थापित भएपछि प्रभावितको राहत तथा उद्धारका लागि विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेको छ। यसै क्रममा लेखा समूह धनुषाले पनि विपद्को समयमा पीडित परिवारलाई सहयोग पुर्‍याउने उद्देश्यले राहत रकम उपलब्ध गराएको जनाएको छ।




## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
**लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

**मेष:** पिछडेको साथी मिल्ने
**वृष:** मनमा पछुतो आउने
**मिथून:** खानपानमा समस्या आउने
**कर्कट:** अनावश्यक खर्चको संभावना
**सिंह:** अशुभ समाचार प्राप्त हुने
**कन्या:** अनावश्यक चिन्ता
**तुला:** लामो यात्राको योग छ
**वृश्चिक:** आम्दानी हुने
**धनु:** शुभ कार्यको शुरुवात
**मकर:** मित्रतामा फाटो आउने
**कूम्भ:** विचार गरेर बोल्नुहोला
**मीन:** पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नापी कार्यालय धनुषामा कार्यरत ५० जना कर्मचारीद्वारा आफ्नो एक दिनको तलब बराबरको रकम सहयोग



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ भदौ**

बुधबार बिहान आएको बाढीबाट प्रभावित तथा पीडित परिवारलाई राहत तथा सहयोग गर्ने उद्देश्यले नापी कार्यालय धनुषामा कार्यरत ५० जना कर्मचारीले आफ्नो एक दिनको तलब बराबरको रकम सहयोग गर्ने भएका छन् ।

बाढीका कारण विभिन्न स्थानमा जनधनको क्षति हुनुका साथै धेरै परिवार प्रभावित भएपछि कार्यालयमा कार्यरत कर्मचारीहरूले स्वेच्छिक रूपमा आफ्नो एक दिनको तलब सहयोग गर्ने निर्णय गरेका हुन् । संकलित रकम बाढीबाट प्रभावित तथा पीडित परिवारको राहतमा प्रयोग गरिने कार्यालयले जनाएको छ । नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले विपद्को समयमा पीडित परिवारलाई सहयोग गर्नु मानवीय दायित्व भएको बताए। उनले कर्मचारीहरूले आफ्नो व्यक्तिगत आम्दानीबाट स्वेच्छिक रूपमा एक दिनको तलब सहयोग गर्ने निर्णय गर्नु सकारात्मक उदाहरण भएको उल्लेख गरे। 'बाढीका कारण समस्यामा परेका परिवारलाई तत्काल राहत र सहयोग आवश्यक छ।

हामीले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने उद्देश्यले एक दिनको तलब बराबरको रकम स्वेच्छिक रूपमा उपलब्ध गराउने निर्णय गरेका हौं,' प्रमुख उमेश कुमारले भने । उनले विपद्का बेला सरकारी निकाय, कर्मचारी तथा आम नागरिक सबैले आ-आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्नेमा जोड दिए ।

# बाढी वितण्डापछि धमाधम रोकिँदै मनोरञ्जन कार्यक्रम

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ भदौ**





भोटेकोशी नदीमा आएको भिषण बाँढीबाट मृत्यु हुनेको संख्या ३०० पुगिसकेको छ । देशमा भएको यो दुखद परिस्थितिका कारण धमाधम मनोरञ्जन गतिविधि रोकिन थालेका छन् ।

गीतकार सङ्घ नेपालले यही भदौ २५ गते आयोजना गर्न लागेको वार्षिकोत्सव तथा सांगीतिक कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ। संघले बिहीबार एक विज्ञप्ति जारी गर्दै हालै आएको विनाशकारी बाढी तथा पहिरोबाट ठुलो जनधनको क्षति भएको र देश शोक तथा पीडामा रहेको संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै अर्को सूचना जारी नभएसम्मका लागि कार्यक्रम स्थगित गरिएको संघले जनाएको छ । सङ्घले आफ्नो उत्सवभन्दा माथि मानवीय संवेदना र सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै कार्यक्रम स्थगित गरेको जनाएको हो । त्यस्तै गायिका रचना रिमालले अहिलेलाई अस्ट्रेलियामा आयोजना हुने तीज कार्यक्रम स्थगित गरेकी छन् । नेपालमा आएको प्रकृति प्रकोपको कारण उनले सो निर्णय गरेकी हुन्। अस्ट्रेलियाको विभिन्न सहरमा आयोजना हुने तीज विशेष कार्यक्रमका लागि केही दिन पहिले अस्ट्रेलिया पुगेकी उनले नेपालमा आएको प्रकृति प्रकोपबाट दुःखीसमेत रहेको बताएकी छन् ।

# मधेश प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, पदाधिकारी तथा कर्मचारीद्वारा एक दिन बराबरको तलब सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ भदौ**



रसुवाको भोटेकोसी नदीमा आएको बाढीबाट उत्पन्न विपद्मा उद्धार, राहत तथा पुनःस्थापनाका लागि मधेश प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, पदाधिकारी तथा कर्मचारीले एक दिन बराबरको तलब सहयोग गर्ने भएका छन् । जनकपुरधामस्थित मधेश भवनमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीलगायत सम्पूर्ण पदाधिकारी र कर्मचारीको एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको हो । बैठकपछि सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री समीर भट्टराईले विपद् व्यवस्थापनका लागि सहयोग पुऱ्याउने उद्देश्यले उक्त निर्णय गरिएको जानकारी दिनुभयो ।

यसैगरी, बाढी प्रभावित क्षेत्रमा नागरिकको खोजी, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउन मधेश प्रदेश सरकारले प्रदेशवासी, बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा आमसञ्चार क्षेत्रलाई अपिल गरेको छ । भोटेकोसी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रदेश सरकारले घटनामा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मटिहानी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# डा. विमलप्रति श्रद्धाञ्जली



**-रामरिझन यादव**

समकालीन नेपालका चर्चित विद्वानमध्ये एक र जनकपुरका सर्वश्रेष्ठ आचार्य डा. राजेन्द्र विमलको कीर्तिशेष भएको छ । साउन २६ गते उनी यस दुनियाँबाट ८२ वर्षको उमेरमा विदाबारी लिए। राष्ट्रपति रामचन्द्र पौडेलले डा. विमलको निधनबाट मुलुकले योशस्वी प्रतिभा गुमाएको शोक व्यक्त गरे भने देश र विदेशबाट श्रद्धाञ्जली दिनेहरुको ओइरो नै लाग्यो । अन्तिम दिन भए पनि विराटनगरले पनि प्रतिनिधित्व गऱ्यो ।

तर, प्राध्यापक/पत्रकार श्याम शशिको शब्द पैंचो लिएर लेख्ने हो भने वास्तवमा जनकपुरको गुरुकूल आचार्यविहीन भएका छन्। सर्वत्र शोकको माहौल थियो । मुहार मिलिन थियो । कसैको अनुहारमा हाँसो थिएन । बैनी आभा त बोल्नै सकिरहेकी थिइनन् । हामीलाई हेरेपछि अनुहारमा हाँसोको कृत्रिमता ल्याउने प्रयास गरे पनि सकिनन् । बारह दिन वितिसक्दा कतिपयको भिजेको आँखा सुकेका थिएनन् । यस्तो विषम तथा प्रतिकूल परिस्थितिमा विराटनगरको प्रतिनिधित्व कति आवश्यक थियो भन्ने कुरा साहित्यकार मित्र शिव सिङ्गल र यो पंक्तिकारले प्रष्ट रुपमा अनुभूत गरे । आखिर विक्रमको दोस्रो दशकको उत्तरार्द्धतिर डा विमलले विराटनगरसंग गाँसेको साइनो जीवनप्रयन्त निर्वाहन गरे। वर्षमा ३ - ६ महिना उनी एकमात्र छोरी आभासंग विराटनगरमा बस्थे । र, सायद त्यसैले होला गत वर्ष यो पंक्तिकारको अगुवाईमा विराटनगरका मैथिली संघसंस्थाहरुले उनको भव्य सम्मान गरे । विराटनगरसंग उनको यही नै अन्तिम भेंट थियो ।

**विमलको विद्वता वनाम त्रिविवि** : डा.राजेन्द्र प्रसाद विमल पेशागत रुपमा मूलतः एउटा प्राध्यापक थिए । तीन विषयमा स्नातकोत्तर ( नेपाली, मैथिली र हिन्दी ) गरिसकेपछि उनी नेपाली भाषाको व्याकरणीय विधामा विद्याबारिधि गरे। तर, प्राध्यापनको प्रारम्भ उनी हिन्दी भाषाबाट गरे। यही क्रममा हिन्दी विषयको पठनपाठनको लागि उनी विक्रमको दोस्रो दशकको उत्तरार्द्धतिर महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस छिरेका थिए । अवकाश प्राप्त कतिपय दौतरी अहिले पनि विराटनगरमा छन् । जसमध्ये उनीजतिकै हैसियत भएको प्राध्यापक कृष्ण पोखरेल पनि एक हुन्। तर उनी धेरै वर्षसम्म विराटनगर बसेनन् । आफ्नै घर जनकपुरको रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा नेपाली विषयको अध्यापनका लागि फर्किए। रोजीरोटीको लागि नेपाली विषयको अध्यापन गरे पनि उनको मौलिक काम भने विविध विधामा बौद्धिक अभ्यास नै थियो । त्यतिबेला प्राडा धीरेश्वर झा धीरेन्द्रको व्यक्तित्व, कृतित्व र विद्वताले जनकपुर तथा त्यसको वरिपरि एउटा यस्तो माहौल सिर्जना गरेको थियो कि सर्वत्र उनको चर्चा थियो । सिंगो त्रिविविमा एकमात्र केन्द्रीय मैथिली विभाग उपत्यका बाहिर थियो, जसको प्रमुख डा. धीरेन्द्र थिए । बौद्धिक अभ्यासको हकमा जनकपुरको यो स्वर्णीम काल थियो, जो पौराणिक कथामा उल्लेख भए अनुसार राजा जनकको दरवारमा अष्टाबक्रको शास्त्रार्थको स्मरण गराउथ्यो। डा. विमलले आफ्नो गुरु डा धीरेन्द्रको सानिध्यमा रहेर त्यही माध्यमको प्रयोगबाट उनको असल र प्रतिभाशाली उत्तराधिकारी बन्न सफल भए । डा धीरेन्द्र भारतीय थिए। उनले वि.स. २०१४ सालमा स्थापना गरेको मैथिली विभागबाट जनकपुरलाई मैथिलीमय बनाए र अवकाश प्राप्त गरेपछि आफ्नो मातृभूमि मधुवनीको लोहा गाउँ फर्के। जहाँ उनको केही वर्ष पहिले निधन भयो । रोशन जनकपुरी, धीरेन्द्र प्रेमर्षि, रमेशरञ्जन, धमेन्द्र विह्ल, श्याम शशि, सुनिल मलिकलगायत दर्जनौ तेस्रो पुस्ताका हर्ताकर्ताहरु ज्ञानविज्ञानको क्षेत्रमा आफ्नो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान बनाइसकेका छन् । तर, प्राडा धीरेन्द्रको शेषपछि डा विमलले वहन गर्दै आएको गुरुकुलीय जिम्मेबारी अहिलेको अवस्थामा कसले थेग्ने भन्ने प्रश्न जनकपुरमा उठ्न थालेको छ । किनकि, विगत आधा शताब्दीदेखि निरन्तर यसप्रकारको अभ्यास जनकपुरमा हुँदै आएको थियो । त्यसैले प्रश्न उठ्नु स्वभाविक हो । यस सम्बन्धमा मलाई जति जानकारी छ त्यस अनुसार जनकपुरमा अहिले गुरुकुलीय प्रथा वहन गर्न सक्ने तेस्रो पुस्ताको रुपमा एकजना अरविन्दलाल कर्ण भन्ने व्यक्ति हुन् जो रोशन जनकपुरीको नामबाट ख्याति कमाएका छन् । तर, उनी घोर नास्तिक भएकोले धार्मिकताको जडको रुपमा रहेका साम्प्रदायिकतामा लथपथिएको जनकपुरले उनलाई स्वीकार गर्छन कि गर्दैनन् भन्ने कुरामा मलाई शंका छ। जे होस डा. विमलसंग घण्टौघण्टा बहस गर्न सक्ने हैसियत जनकपुरमा उनीमात्र राख्थे भन्ने कुरामा कही कतै शंका छैन । सुखद पक्ष त के हो भने कतिपय अवस्थामा डा. विमलले पनि उनको विद्वतालाई मान्न बाध्य हुन्थे । पछिल्लो कालमा त धेरै हदसम्म डा. विमल रोशन जनकपुरीको नजिकिएको भन्ने पनि सुनिन्छ । तर जे होस, विधागत अध्ययनको हकमा डा. विमलको जोडी जनकपुरमा मात्र होइन, सिंगो मिथिलाञ्लमा नै थिएनन्। पारीपट्टी पनि विमलसंग शास्त्रार्थ गर्नेहरुले उनको विद्वतालाई स्वीकर गरेकै हुन् । तर यति हुँदा हुँदै पनि त्रिभूवन विश्वविद्यालयले आफ्नो गरिमा कायम राख्न सकेनन् । उनलाई प्रोफेसरशीप दिइएनन् । उनी एशोसियेट प्रोफेसर ( सहप्राध्यापक) भएर अवकाशप्राप्त गरे । अर्थात् जीवनको अधिकांश उर्जा त्रिविविको लागि खर्चेपनि उनले सरकारी स्तरमा त्यो हैसियत प्राप्त गर्न सकेनन् जसको लागि उनले विक्रमको दोस्रो दशकको उत्तरार्द्धमा पठनपाठन थालेका थिए ।

**संस्मरणात्मक टुक्का :**
म विज्ञानको अध्येयता भएकोले विद्यार्थी कालमा साहित्यतर्फ ध्यान गएनन् । विधार्थीकाल विज्ञानमय रहियो । कतिसम्म भने प्राध्यपन पनि मेरो सबैभन्दा रुचिकर पेशा थियो । तर, अचानक र अप्रत्याशित रुपमा विक्रमको चालिस दशकको पूवार्द्धमा नै तोडफाडको साहित्य पत्रकारिता मेरो जीवनको अभिन्न अंग बन्न गयो । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् २०४८ सालमा दर्ता गराएर प्रारम्भ गरेको मिथिला टाइम्स (मैथिली पाक्षिक) को आलेखको लागि भौंतारिदै गर्दा महेन्द्र मोरङ्ग क्याम्पस राजनीतिक शास्त्रका सहप्राध्यापक श्यामचन्द्र लालले डा. विमलको नाम सुझाए । नाताले उनीहरु नजिक थिए । प्राध्यापक श्यामचन्द्रलालले जसरी डा विमलको बारेमा बताए त्यसले स्वस्र्फूत रुपमा उनीप्रति आस्था जगायो । नभन्दै एक दिन म र कथाकार रामनारायण सुधाकर जनकपुर पुगे। उनको घरमा बास बसे । त्यही बेलादेखि डा. विमलसंग यसरी नजिकिए कि उनको सुमधूर साहित्यिक वाणी अहिले पनि कानमा गुँजिरहेका छन् । अर्थात् फर्स्ट इन्सपिरेशन इज द लास्ट ओन । पछिल्लो भेंट अस्ति भर्खरै भएको थियो जतिबेला मानव अधिकार तथा शान्ति समाजको कार्यक्रमको लागि संस्थापक अध्यक्ष कृष्ण पहाडी तथा साहित्यकार नित्यानन्द मण्डलसंग उनको घर गएको थिएँ । संस्मरणका थुप्रै थुङ्गाहरु छन् जसलाई याद गरेपछि आँखा रसाउँछ। जहिले जे विषयमा भन्थे उनले लेखिदिन्थे । छोरी शिखाकिरणको अन्तरजातीय तथा अन्तरसामुदायिक विवाहको अवसरमा एउटा पुस्तक सम्पादन गरेर उपहार दिन मन लाग्यो । जनकपुर गएँ। वृतान्त सुनाएपछि साह्रै खुशी भए र केही दिन भित्र एउटा यस्तो आलेख पठाउनु भयो जो अन्तरजातीय/अन्तरसामुदायिक विवाहको लागि कोषे ढुङ्गा साबित भयो ।

**मान र सम्मान :**
दासत्व जीवन बाँचेकाहरु जहिले पनि जे का लागि ललायत हुन्छन् । नेपालीहरुले विदेशीको अधिनमा कहिल्यै रहेनन् तर आफ्नै मुलुकमा मुट्ठीभरको अधीनमा दासत्व जीवन बाँच्नु परेको इतिहास साक्षी छ। त्यसैले विद्वताभन्दा पद, पैसा र प्रतिष्ठाले नेपाली समाजलाई गाँजेको छ। त्यसमा पनि मधेशी समाजले दोहोरो र दलितले तेहोरो दासत्व जीवन धाउनु परेकोले आन्तरिक औपनिवेशले फन्को मारेको हो। डा. विमलको शब्दमा उल्लेख गर्ने हो भने उनी न हिमाली, न पहाडी, न मधेशी थिए । एकमात्र नेपाली हूँ भन्ने उनको उक्ति थियो । र, शायद त्यसैले होला आफ्नो जीवन कालमा राज्यस्तरबाट कुनै राजकीय सम्मान नपाए पनि पार्थिव शरीरलाई भने राज्यले सलामी ठोक्न बाध्य भए। यही नै एउटा विद्वानको अन्तिम सम्मान थियो, जो जनकपुरका गाँधी महेन्द्र नारायण निधिले पनि पाएका थिएनन् ।

भारतीय फिल्म दुनियामा हिमैनको नामले परिचित धर्मेन्द्रले आफ्नो जीवनकालमा एउटा पनि फिल्मफेयर पुरस्कार पाएनन् । तर पनि उनी फिल्मफेयर पाउनेहरुभन्दा धेरै सम्मानित मानिन्थे। मरणोउपरान्त अस्ति धर्मेन्द्रले पद्मविभूषण पाएका छन् । डा. विमल त्यही हीमैनको दोस्रो संस्करण हो नेपालमा । यद्यपि जगदम्बा पुरस्कार, भानु पुरस्कार, विद्यापति पुरस्कारलगायत नेपालका ठूल्ठूला पुरस्कार उनले नपाएका भने होइनन् ।

**निष्कर्ष :**

डा. विमलको विद्वतामाथि प्रश्नवाचक चिन्ह नलागे पनि विद्रोही स्वभावको भने उनीमा सर्वथा अभाव थियो । बौद्धिकताभित्र विद्रोहीपन भएन भने स्वयमको लागि त्यो प्रतिउत्पादक सिद्ध हुन्छ । डा. विमलले नागरिक स्तरमा प्राप्त गरेको मान र सम्मान उनको सहिष्णुतको प्रतिफल थियो भने राज्यबाट लिन नसक्नु विद्रोहीपनको अभावले गर्दा हो । होइन भने प्राध्यापक बन्नलाई चाहिएको अंक प्रयाप्त हुँदा हुँदै पनि डा विमललाई प्राध्यापन जीवनको विशिष्टताबाट बंचित गराइयो। जसलाई उनले कहिल्यै प्रतिबाद गरेनन् । सहेरै जीवन विताइ दिए । अर्थात् सहिष्णुता, सद्भाव र सहनशीलताको अर्को नाम थियो डा. राजेन्द्र विमल । शब्दाञ्जली ।

**मिथिलाञ्चल**
**विराटनगर-१०**

## ३६औँ स्थापना दिवसमा........................................

वृक्षारोपणमा समेत सहभागिता जनाएका थिए ।

त्यसैगरी, स्थापना दिवसको अवसर मा बिहीबार राति दीप प्रज्वलन कार्यक्रमसमेत गरिएको थियो।

कमिटीका अध्यक्ष विजय शाहले स्थापना दिवसलाई केवल उत्सवमा सीमित नगरी सामाजिक उत्तर दायित्वसँग जोडेर कार्यक्रम आयोजना गरिएको बताए। उनका अनुसार सरसफाइ तथा वृक्षारोपणसँगै दीप प्रज्वलन, मानव सेवा आश्रममा नि:शुल्क भोजन र रक्तदान कार्यक्रम आयोजना गरिएको छ । नेपालमा प्राकृतिक विपद् तथा बाढीका कारण जनजीवन प्रभावित भई देश शोकमग्न अवस्थामा रहेकाले यस वर्ष स्थापना दिवसमा अनावश्यक तामझाम नगर्ने निर्णय गरिएको अध्यक्ष शाहले बताए। विपद्बाट प्रभावित नागरिकप्रति संवेदनशीलता जनाउँदै स्थापना दिवसलाई सामाजिक सेवामुखी कार्यक्रममै केन्द्रित गरिएको उनले जानकारी दिए ।

कमिटीका अनुसार भदौ १२ गते शुक्रबार साँझ ६ बजे मानव सेवा आश्रममा आश्रित व्यक्तिहरूका लागि नि:शुल्क भोजनको व्यवस्था गरिनेछ। त्यसैगरी, भदौ १३ गते शनिबार बिहान ९ बजेदेखि जनकचोकमा रक्तदान कार्यक्रम आयोजना गरिनेछ। सामाजिक सेवामा योगदान पुऱ्याउने उद्देश्यले आयोजना गरिएका कार्यक्रममा स्थानीय युवा, सुरक्षाकर्मी तथा सर्वसाधारणको सहभागिता रहने कमिटीले जनाएको छ। सरसफाइ तथा वृक्षारोपण कार्यक्रममा कमिटीका उपाध्यक्ष दीपक कुमार साह,पूर्व अध्यक्ष प्रमोद चौधरीलगायतको उपस्थिति थियो। ३६औँ स्थापना दिवसलाई सामाजिक उत्सवका रूपमा अघि बढाउँदै सरसफाइ, वातावरण संरक्षण, मानव सेवा र रक्तदानमार्फत समुदायसँगको सम्बन्ध थप मजबुत बनाउने उद्देश्य रहेको कमिटीले जनाएको छ ।

**प्रधानमन्त्री राहतकोषमा सक्दो सहयोग गरौं र गराऔं ।**


**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिासा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**शहिदनगर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday